मिति २०७५।०१।१७

आज मिति २०७५।०१।१७ गते शनिबार दिनको ११.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलााम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | दस्तखत |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |

सचिव, प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्ग अनुपस्थित

**<u>अन्य उपस्थिति</u>**

१. नि. प्र. प्रशासकीय अधिकृत श्री रामकुमार शाह — दस्तखत

२. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ — दस्तखत

३. ईन्जिनियर श्री दीपकप्रसाद गुरागाईं — दस्तखत

**निर्णय नं.१.** इलाम नगरपालिका र धरान उपमहानगरपालिकाको भगिनी सम्बन्ध स्थापना भइसकेको परिप्रेक्ष्यमा धरान उपमहानगरपालिकाको सहयोगमा इलामको चियाको बजारीकरणका लागि मिति २०७५।१।१९ देखि ऐ २१ सम्म धरानमा चिया महोत्सव आयोजना गर्ने र सो चिया महोत्सवको उद्घाटनका लागि पूर्व सभामुख तथा संविधान सभाका अध्यक्ष माननीय श्री सुवासचन्द्र नेम्बाङ्गलाई अनुरोध गर्ने, चिया महोत्सवमा नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, मान्यताप्राप्त राजनैतिक दलका ४ जना प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ लगायत सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, पत्रकारहरु, न.पा.कर्मचारीहरु र सांस्कृतिक कलाकारहरुको सहभागिता राख्ने व्यवस्था मिलाई धरानको ३० वटा स्टलमध्ये इलामका चिया व्यवसायीहरुको लागि २० वटा स्टल निःशुल्क व्यवस्था मिलाई इलामको चिया व्यवसायीहरुको १ स्टलमा २ जना व्यवसायीको प्रतिनिधित्व हुने गरी प्रति स्टल २०००।०० यातायात व्यवस्थापन खर्च उपलब्ध गराउने साथै सो चिया महोत्सव कार्यक्रमको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठलाई दिई कार्यक्रम प्रस्ताव अनुसार चालु आ.व.२०७४।०७५ को पर्यटन प्रबर्द्धनसम्बन्धी शीर्षकबाट रु.५ लाख खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२.** इलाम नगर कार्यपालिकाको मिति २०७५।१।८ को निर्णयानुसार आ.व.२०७५।०७६ को लागि वडास्तरीय आयोजना संचालन गर्न प्रति वडा रु.५० लाख रकम वडा सिलिङ्ग तोकिएकोमा सो वडा सिलिङ्गको ४५ लाख रकम पूर्वाधार निर्माण आयोजनामा छुट्याई बाँकी ५ लाख रकम वडा भित्रका लक्षित वर्ग महिला, जनजाति, अपाङ्ग, दलित, बालबालिका, अल्पसंख्यक, पिछडिएको वर्ग र सामाजिक संघसंस्थासँग कार्यक्रम प्रस्ताव अनुसार सहकार्य तथा साझेदारीमा काम गर्नका लागि छुट्याई वडा समितिमार्फत कार्यक्रम कार्यान्वयनको व्यवस्थापन मिलाउन वडा सिलिङ्गको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.** इलाम नगरपालिका भित्र रहेका धार्मिक संघसंस्थाहरुलाई नियमित र नियमन गर्न आवश्यक भएको हुनाले आगामी आ.व.देखि धार्मिक संस्थाहरुको नियमनका लागि दर्ता तथा सूचीकरण प्रक्रिया मिलाउन निर्देशिका तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.४.** इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी (सहायकस्तर तृतीय) श्री रमेश कडेललाई पटक पटक कार्यालय समयमा मादक पदार्थ सेवन नगर्ने, आचरण तथा अनुशासन उल्लङ्घन नगर्ने, अनुशासनहीन कार्य नगर्ने भनी सचेत गराउँदा गराउँदै समेत निजबाट कार्यालय समयमा बराबर मादक पदार्थको सेवन गरी अनुशासन भङ्ग गरेको, आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेको र अनुशासनहीनता तथा आचारसंहिता उल्लङ्नको कारणले कार्यालयको प्रतिष्ठामा समेत आँच आइरहेको पाइएको हुँदा इलाम नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७४ को दफा २७ (१) को अवस्था रहेको देखिएकोले ऐ. ऐनको दफा २५ को खण्ड (ख) अनुसार नोकरीबाट हटाउने सजाय किन नगर्ने र ऐ. ऐनको दफा २८ अनुसार विशेष सजायको लागि नगर कार्यपालिकामा किन नलग्ने ? उल्लेख भए अनुसारको सजाय गर्नु नपर्ने मनासिव कारण भए यो पत्र प्राप्त भएको २४ घण्टा भित्रमा लिखित स्पष्टीकरण पेश गर्न भनिएकोमा निजले मिति २०७५।१।१४ मा पेश गरेको स्पष्टीकरण झुठो भएको, निजले यसअघी गरेको प्रतिबद्धता पटकपटक उल्लङ्घन गरेकोले इलाम नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी

व्यवस्थापन ऐन, २०७४ को दफा २७ उपदफा १ को खण्ड (ख) (ग) (घ) (च) को अवस्था विद्यमान रहेको र ऐ. ऐनको दफा २८ अनुसार विशेष सजाय नगर कार्यपालिकाले मात्र दिन सक्ने भएको हुँदा ऐ. ऐनको दफा २५ को खण्ड (ख) को २ अनुसार निजलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नगहरिने गरी नोकरीबाट हटाउने विशेष सजायका लाग आवश्यक निर्णय हुन कार्यालयको मिति २०७५।१।१४ को (प्रमुख प्रशासकीय अधिकृतस्तरीय) निर्णयानुसार छलफल हुँदा निज रमेश कडेलले आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरी आफूले गरेको प्रतिबद्धता समेत भङ्ग गरेको, कार्यालय समयमा बराबर मादक पदार्थ सेवन गर्ने गरेको, आफ्नो पदीय जिम्मेवारी बेवास्ता गरी बराबर अनुशासनहीन कार्य गर्ने गरेकोले निजलाई ऐ. ऐनको दफा २५ को खण्ड (ख) को २ अनुसार भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नगहरिने गरी नोकरीबाट हटाउने विशेष सजाय गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गरी आगामी आ.व.देखि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.६.** इलाम नगरपालिका संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका, उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गरी आगामी आ.व.देखि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.७.** इलाम नगरपालिका, नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्र खाम्याहाङ्गका काइला भाइ देवेन्द्र खाम्याहाङ्गको मिति २०७५ बैशाख १४ गतेका दिन असामयिक निधन भएकोमा दिवङ्गग आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।